गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# गढवा गाँउपालिका बैठक संख्या-६

## गढवा गाँउपालिका, गाँउकार्यपालिकाको मिति २०७९/०६/२५ गतेको बैठकका प्रस्तावहरू

**प्रस्ताव नम्बर १** : बिपद् व्यवस्थापन गर्न राहतको लागि बजेट व्यवस्था गर्ने सम्वन्धमा ।

**प्रस्ताव नम्बर २** : बाढिले पुयाएको क्षतिको विवरण यकीन गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर ३** : प्राकृतिक प्रकोप (वाढि पहिरोको) कारण विपद्मा परेका अतिविपन्न घरधुरीहरूलाई प्रति परिवार तत्काल खाद्यान्न राहत उपलब्ध गराउने सम्बन्धमा ।

**प्रस्ताव नम्बर ४** : प्राकृतिक प्रकोपले बढी भौतिक क्षति पुयाएको भौतिक संरचनाको क्षतिपुर्तिको लागि माथिल्लो निकायमा पहल गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर ५** : विपद् व्यवस्थापनमा प्रयोग भएका यन्त्र उपकरणहरूको लागि इन्धन तथा भाडा उपलब्ध गराउने सम्बन्धमा ।

**प्रस्ताव नम्बर ६** : गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिले छनौट गरेका योजनाहरूको भुक्तानी गर्नुपर्ने रकम अनुमोदन गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर ७** : खहरे खोला ,नदि (वाढि)ले बगाएर ल्याएका रूख तथा काठदाउराको व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ८** : वाढिपहिरोको कारण क्षति भएका घरमा सहयोग तथा ढुङ्गा ,गिट्टि उपलब्ध गराउने सम्बन्धमा ।

**प्रस्ताव नम्बर ९** : विषयगत शाखाहरू प्रगति विवरण समिक्षा गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर १०** : विपद् व्यवस्थापन तर्फ भएको खर्चको भुक्तानी सम्बन्धमा ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## गाँउकार्यपालिकाको छैठौं बैठकका निर्णयहरू - २०७९/०६/२५

**निर्णय नं.१ : बिपद् व्यवस्थापन गर्न राहतको लागि बजेट व्यवस्था गर्ने सम्वन्धमा ।**

यस गढवा गाँउपालिकामा मिति २०७९/०६/१८ गतेबाट परेको अविरल बर्षाको कारण भएको विपद्को व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोषबाट रू १५,००,०००। अक्षेरूपी पन्ध्र लाख रूपैया मात्र विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ : बाढिले पुर्याएको क्षतिको विवरण यकीन गर्ने सम्बन्धमा ।**

यस गढवा गाँउपालिकामा बाढिले पुर्‍याएको क्षतिको विवरण यकिन गर्नको लागि प्रत्येक वडा कार्यालयबाट वडा स्तरीय विपद् व्यवस्थापन समिति तथा वडा अध्यक्षको संयोजकत्वमा प्रत्येक वडाबाट क्षतिको विवरण तोकिएको ढाँचामा यथाशिघ्र गाँउपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : प्राकृतिक प्रकोप (वाढि पहिरोको) कारण विपद्मा परेका अतिविपन्न घरधुरीहरूलाई प्रति परिवार तत्काल खाद्यान्न राहत उपलब्ध गराउने सम्बन्धमा ।**

यस गढवा गाँउपालिका अन्तर्गतका वडा कार्यालयले उपलब्ध गराएको ५८१ घरपरिवारको तथ्याङ्क अनुसार प्रहरी, रेडक्रस, वडा स्तरीय विपद् समितिको सदस्यहरू सम्मिलीत टोलीबाट विवाद रहित तरिकाले प्रति परिवार तपशिल बमोजिमको रासन उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल :

१. चामल - १ बोरा (२५ के.जी)

२. दाल (मसुरो) - ३ के.जी

३. नुन - १ पोका

४. साबुन - २ वटा

५. सोयाविन - १ के.जी

६. तेल - १ लिटर

**निर्णय नं. ४ : प्राकृतिक प्रकोपले बढी भौतिक क्षति पुर्याएको भौतिक संरचना क्षतिपुर्तिको लागि माथिल्लो निकायमा पहल गर्ने सम्बन्धमा ।**

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यस गढवा गाँउपालिकामा प्राकृतिक प्रकोपको कारण भौतिक रूपमा बढि क्षति पुगेका सार्वजनिक कार्यालय, विद्यालय, विद्युत, खानेपानि, पुनःनिर्माणको आवश्यकता भएको घर संरचना आदिको क्षतिपुर्तिको लागि माथिल्लो निकाय (संघीय सरकार, प्रादेशिक सरकार, जिल्ला विपद व्यवस्थापन समिती, जिल्ला प्रशासन कार्यालय ,जिल्ला समन्वय समिति) मा पहल गर्नुको साथै अति प्रभावित घरमा पालिकाको जनशक्ति मार्फत मापदण्ड बनाएर श्रमदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : विपद् व्यवस्थापनमा प्रयोग भएका यन्त्र उपकरणहरूको लागि इन्धन तथा भाडा उपलब्ध गराउने सम्बन्धमा ।**

यस गढवा गाँउपालिकाको विपद् व्यवस्थापनको काममा प्रयोग भएका यन्त्र तथा उपकरणहरूको इन्धनको तथा भाडाको लागि विपद् व्यवस्थापन कोषबाट विनियोजन भएको बजेटबाट सम्बोधन हुने गरि मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६ : गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिले छनौट गरेका योजनाहरूको भुक्तानी गर्नुपर्ने रकम अनुमोदन गर्ने सम्बन्धमा ।**

यस गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समितिको संयोजक तथा वडा नं. ३ को वडा अध्यक्ष श्री तुलसीराम अधिकारीको संयोजकत्वमा बसेको विपद् व्यवस्थापन समितिको बैठकमा छनौट भएका योजनाहरूको प्राविधिक स्टीमेट र कार्यसम्पन्न प्रतिवेदन अनुसार भुक्तानी गर्नुपर्ने रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : खहरे खोला ,नदि (वाढि)ले बगाएर ल्याएका रूख तथा काठदाउराको व्यवस्थापन सम्बन्धमा ।**

यस गढवा गाँउपालिकामा अविरल वर्षाको कारण आएको वाढिले बगाएर ल्याएको रूख, काठदाउरा आदिको व्यवस्थापनको लागि सव डिभिजन वन कार्यालयसँग समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : बाढिपहिरोको कारण क्षति भएका घरमा सहयोग तथा ढुङ्गा ,गिट्टि उपलब्ध गराउने सम्बन्धमा ।**

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

गाउँ कार्यपालिकाको का
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यस गढवा गाँउपालिकामा वसोवास गर्ने अति विपन्न घर परिवार यकिन गरि मापदण्डका आधारमा मुल्याङ्कन गरि जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरेर उक्त घर परिवारहरूलाई सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : विषयगत शाखाहरूको प्रगति विवरण समिक्षा गर्ने सम्बन्धमा ।**

यस गढवा गाँउपालिका अन्तर्गत रहेका विषयगत(स्वास्थ्य, शिक्षा, प्राविधिक, कृषि तथा पशु )शाखाहरूको प्रगति विवरण समिक्षा गरि रातो किताबमा उल्लेख भएका योजना तथा कार्यक्रमहरू द्रुत गतिमा अगाडि बढाउनको लागि विषयगत शाखा प्रमुखहरूलाई निर्देश गरियो ।

**निर्णय नं. १० : विपद् व्यवस्थापन तर्फ भएको खर्चको भुक्तानी सम्बन्धमा ।**

गढवा गाँउपालिकामा विपद् व्यवस्थापन तर्फ भएको कार्यक्रमहरूको प्राविधिक स्टीमेट र कार्यसम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक प्रकृया पुरा गराई मात्र खर्चको भुक्तानी गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरू सर्वसम्मत रूपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति : २०७९/०६/२७

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल